# कृषि अनुदान कोष सञ्चालन कार्यविधि, २०७५

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं ५ (मन्त्रीस्तर निर्णय) बाट स्वीकृत

मितिः २०७५/०७/२७

**प्रस्तावनाः** नेपालको कूल जनसंख्याको करिब ६५ प्रतिशत जनसंख्या कृषि पेशामा निर्भर रही कूल ग्राहस्थ उत्पादनमा करिब २८ प्रतिशत योगदान दिएको सन्दर्भमा ग्रामिण क्षेत्रको अधिकांश कृषि प्रणाली परम्परागत तरिकाले खेती गरिनुको साथै निर्वाहमूखि खेती पद्दती भएकोले कृषकहरुले चाहे जस्तो उत्पादन लिन सकिरहेका छैनन् । बिषेश गरी प्रदेश नं ५ मा खाद्यान्न बाली, तरकारी खेती, गाई/ भैंसीपालन, कुखुरापालन, दुग्ध उत्पादन, फलफूल खेती, अलैची, कफि,मौरी पालन, बाख्रा पालनको लागि व्यवसायिकरुपमा उल्लेख्य सम्भावना बोकेको क्षेत्र रहेको छ ।राष्ट्रिय कृषि नीति, २०६१ ले निर्दृष्ट गरेको निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रूपान्तरण गरी दिगो कृषि विकासको माध्यमबाट जीवनस्तरमासुधार ल्याउने दीर्घकालीन दृष्टिकोणलाई आत्मसात गर्दै प्रदेश सरकार, प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत कृषि अनुदान कोषको व्यवस्था गरी उक्त कोष सञ्चालन गर्ने अवधारण अनुसार प्रदेश नं. ५ को प्रदेश सरकारले आ.ब. २०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रममा कृषि तर्फको बुँदा नं. १३ मा कृषि अनुदान कोषको व्यवस्था गरिएको छ। समग्रमा, यो कोषको उद्देश्य कृषि क्षेत्रलाई व्यावसायिकरण तथा आधुनिकीकरण गरी प्रतिस्पर्धि क्षमता अभिबृद्धि मार्फत दिगो विकास गरि कृषकको आयस्तर बृद्धि गर्दै खाद्य तथा कृषि उपजको सहज आपूर्ति गर्नु हो । लक्षित उद्देश्य प्राप्तिका लागि कृषि अनुदान कोषलाई व्यवस्थित तथा प्रभावकारी रुपमा सञ्चालन गर्न प्रदेश सरकार, प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "कृषि अनुदान कोष सञ्चालन कार्यविधि २०७५" तयार गरी लागु गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम तथा प्रारम्भः** (१) यस कार्यविधिको नाम "कृषि अनुदान कोष सञ्चालन कार्यविधि २०७५" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "अनुदान" भन्नाले कृषि तथा पशुपंछी पालनको लागि अनुसूची २ बमोजिमको मापदण्ड अन्तर्गत रहेका मूल्य श्रृंखलाहरुमा दिईने अनुदान सम्झनुपर्छ।

(ख) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त कृषक समूह/सहकारी संस्था/निजी फर्म/उद्यमीहरु सम्झनुपर्छ।

(ग) "कार्यविधि" भन्नाले कृषि अनुदान कोष सञ्चालन कार्यविधि, २०७५ सम्झनुपर्छ।

(घ) "कृषि अनुदान कोष" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मार्फत सञ्चालन तथा व्यवस्थापन गर्ने गरी कृषि तथा पशुपंछी विकासको लागि दिइने अनुदान दिन व्यवस्था गरेको कोष सम्झनुपर्छ।

(ङ) "मापदण्ड" भन्नाले अनुदान कोषको लागि पेश गरीएको प्रस्ताव मूल्याङ्कनका लागि तोकिएका अनुसूची ५ र ६ बमोजिमको मापदण्ड सम्झनुपर्छ।

(च) "व्यावसायिक कृषि कार्यक्रम" भन्नाले यस कार्यविधिको अनुसूची ३ बमोजिम पेश भएको आयोजना सम्झनुपर्छ ।

(छ) "मन्त्रालय" भन्नाले प्रदेश सरकार, प्रदेश नं ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ ।

(ज) "महाशाखा" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतका महाशाखाहरु सम्झनुपर्छ ।

(झ) "मूल्याङ्कन समिति" भन्नाले दफा ११ बमोजिम गठन गरिएको मूल्याङ्कन समिति सम्झनुपर्छ ।

(ञ) "लगानी रकम" भन्नाले आयोजनाको सम्झौतामा उल्लेख भए अनुसारको व्यावसायिक कृषि कार्यक्रमको अनुदान र अनुदानग्राहीले व्यहोर्ने रकम समेत गरी कूल लगानी रकम सम्झिनुपर्छ ।

३. **कार्यविधिको उद्देश्यः** कृषि अनुदान कोष कार्यक्रमलाई सरल, पारदर्शी तथा प्रभावकारी रुपले सञ्चालन गर्ने ।

४. **कार्यक्रमका उद्देश्यहरुः** कार्यक्रमका उद्देश्यहरु देहायबमोजिम हुनेछन्।

(क) कृषि व्यवसायिकरणका लागि अनुदान दिई आधुनीक तरिकाले कृषि ब्यबसाय गर्न प्रोत्साहन गर्ने।

(ख) कृषि प्रणालीलाईआधुनिकीकरण, व्यबसायिकरण गरी उत्पादन र उत्पादकत्वमा गुणात्मक बृद्धि गरी प्रतिस्पर्धात्मक क्षमता बिकास गर्ने।

(ग) रोजगारीका अवसरहरु सृजना गरी गरिवी निवारणमा टेवा पुऱ्याउने।

(घ) कृषि पेशालाई ब्यबसायिक एंव मर्यादित पेशाको रुपमा स्थापित गराउने।

## परिच्छेद २

## कृषि अनुदान कोष सञ्चालनसम्बन्धी व्यवस्था:

**५. कृषि अनुदान कोष सञ्चालनका आधारभूत मान्यताहरु** : (१) कृषि अनुदान कोष अन्तर्गतको अनुदान रकम प्रदेश नं. ५ का १२ जिल्लाका सम्भावित भौगोलिक क्षेत्रमा अनुसूची १ बमोजिमका मूल्य श्रृंखलाहरुमा मात्र उपलब्ध हुनेछ ।

(२) अनुदान कोष सञ्चालनको लागि अनुसूची २ बमोजिम लगानिका उपक्षेत्रहरुमा बर्गिकरण गरी तोकेबमोजिम अनुदान उपलब्ध गराईनेछ ।

(३) मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटमा व्यवस्था भए बमोजिम कृषि अनुदान कोषको रकमको बाँडफाँड चालीस प्रतिशत मेरिटका आधारमा र साठी प्रतिशत सबै जिल्लामा समानुपातिक तवरले हुनेछ ।

(४) कृषि अनुदान कोषको नियमन, नीतिगत मार्गदर्शन, छनौट तथा कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाउन कृषि अनुदान निर्देशक समिति, अनुदान व्यवस्थापन समिति र मूल्याङ्कन समितिको गठन दफा ११ बमोजिम हुनेछ ।

(५) कृषि अनुदान कोषमा व्यवस्था भए अनुसार अनुसूची २ बमोजिमका मूल्य श्रृखलाहरुमा आधारित रही अनुदानको रुपमा स्वीकृत व्यावसायिक कृषि योजनाहरुका लागि अनुसूची ३ बमोजिम पेश भएका कार्यक्रमहरु सञ्चालन गर्न उपलब्ध गराईनेछ ।प्रस्तावनामा पेश हुन आउने अनुसूची २ बमोजिमका मूल्य श्रृखलाहरु उत्पादन बृद्धिका लागि नयाँ कार्यक्रम तथा क्षेत्र विस्तारका रुपमा रहनुपर्नेछ ।

(६) कृषि अनुदान कोषबाट उपलब्ध हुने लगानी अनुदानको भुक्तानी कार्यक्रम सञ्चालनका लागि सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ र सो भन्दा बाहेकका कृयाकलापहरुको लागि भुक्तानी माग भएको रकम सोधभर्ना दिइने छैन । सोधभर्ना गरीने अनुदान रकम सम्बन्धित ब्यवसायिक कृषि कार्यक्रमको प्रगतिको आधारमा स्वयम् अनुदानग्राहीको बैंङ्क खाता मार्फत भुक्तानी दिईनेछ ।

(७) कृषि अनुदान कोषप्राप्त गरी सञ्चालन हुने ब्यवसायिक कृषि कार्यक्रमको कृयाकलाप सञ्चालन गर्न नेपालको प्रचलित राष्ट्रिय वातावरण संरक्षण नीति तथा नियम र श्रम कानून तथा नियमावली अनुरुपको वातावरण एवं सामाजिक सुरक्षा सम्बन्धी प्रावधान आकर्षित हुने भएमा कार्यान्वयन गर्नु पर्ने पक्षहरु पूर्वशर्तको रुपमा लागु हुनेछ ।

(८) कृषि अनुदान कोषको लगानी साझेदारीमा सञ्चालन गरीने ब्यवसायिक कृषि कार्यक्रमहरुको सम्पूर्ण खरिद प्रकृया तथा अनुदान लगानी प्रचलित कानून बमोजिम हुनेछ ।

(९) कृषि अनुदान कोषको कुल विनियोजित रकमको ४० प्रतिशत खाद्य तथा पोषण उप क्षेत्रमा, ३६ प्रतिशत ब्यवसाय उन्मुख उपक्षेत्रमा र २४ प्रतिशत व्यवसायिक उपक्षेत्रमा लगानि गरीनेछ ।

६. **<u>कृषि अनुदान कोष सञ्चालन प्रक्रिया:</u>** (१) यस मन्त्रालयको बार्षिक बजेट तथा कार्यक्रममा कृषि अनुदानकोषको लागि बजेट व्यवस्था गरि कार्यक्रम सञ्चालन गरिनेछ।

(२) अनुदान प्रवाहकालागि राष्ट्रिय दैनिकमा ३० (तीस) दिनको म्याद दिई सूचना प्रकाशन गरि अनुसूची-३ बमोजिमको प्रस्ताव कृषक समूह/कृषि सहकारी संस्था/निजी फर्म/उद्यमीहरुबाट माग गरिनेछ ।

(३) प्रस्ताव पेश गर्दा अनुसूची-१ बमोजिमको बर्गिकरणमा अनुसूची-२ बमोजिमको मूल्य श्रृखलामा आधारित रहेर अनुसूची ३ बमोजिमको ढाँचामा प्रस्तावना पेश गर्नु पर्नेछ ।

(४) अनुसूची ३ बमोजिमको प्रस्ताव यस मन्त्रालयले तोकेको कार्यालयमा दर्ता गर्नु पर्नेछ।

(५) प्रस्ताव पेश गर्ने मिति समाप्त भएको भोली पल्ट उक्त प्रस्तावहरुको अनुसूची ४ बमोजिमको विवरण तयार गरि ईमेल मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ । यसको साथै प्रस्तावहरुको सक्कलै फाईल यस मन्त्रालयमा १ हप्ता भित्र पठाउनु पर्नेछ ।

(६) प्रस्तावहरुको प्रारम्भिक मूल्याङ्कन कार्य अनुसुची-५ बमोजिमको चेकलिष्टको आधारमा मूल्याङ्कन समितिले गर्नेछ ।यस कार्यका लागि आवश्यक्ता अनुसार मूल्याङ्कन समितिले अधिकृत स्तरको प्राविधिक कर्मचारीको संयोजकत्वमा मूल्याङ्कन टोली गठन गराइ कार्य गराउन सक्नेछ ।

(७) मन्त्रालयले अनुसूची ५ बमोजिम प्रारम्भिक मूल्याङ्कन कार्यबाट छनौटमा परेका प्रस्तावहरुको फिल्ड प्रमाणिकरणका लागि अनुसूची ६ अनुसार मूल्याङ्कनको लागि मन्त्रालय वा मातहतका कार्यालयको कम्तिमा अधिकृत स्तरको कर्मचारीको नेतृत्वमा फिल्ड प्रमाणिकरण टोली खटाउने छ ।

(८) फिल्ड प्रमाणिकरण टोलीले प्रस्तावनाहरुको अनुसूची ६ अनुसार फिल्ड प्रमाणिकरण गरी योग्य रहेका प्रस्तावहरुलाई प्रस्ताव मूल्याङ्कनका आधारहरु अनुसुची ७ बमोजिम समितिमा सिफारिस गर्नेछ ।

(९) अनुसूची ६ अनुसारफिल्ड प्रमाणिकरणबाट योग्य भई सिफारिस सहित आएका प्रस्तावहरुको मूल्याङ्कन समितिले अनुसुची ७ अनुसार समग्र मूल्याङ्कन गरी अनुदानग्राहीहरुको बिस्तृत विवरण अनुदान ब्यबस्थापन समितिमा सिफारिस गर्नेछ ।

(१०) अनुदान ब्यबस्थापन समितिले मूल्याङ्कन समितिले सिफारिस गरेका अनुदानग्राहीहरुको विवरण उपर चित्त नबुझेमा सुझाव सहित पुन मूल्याङ्कनका लागि मूल्याङ्कन समितिमा फिर्ता पठाउन वा आवश्यक भएमा शर्त सहित वा निशर्त स्विकृत गर्नेछ ।

(११) छनौटमा परी स्वीकृत भएका मेरिट तथा समानुपातिक सूचिहरुलाई सबैको जानकारीको लागि प्रकाशन गरिनेछ ।

७. **कृषि अनुदानकोषको अनुदान रकम प्रवाह विधिः** (१) अनुदान ब्यबस्थापन समितिले छनौट गरेका अनुदानग्राहीहरुलाई अनुसूची ८ बमोजिम कार्यक्रम सञ्चालनको लागि सम्झौता गरिनेछ।

(२) सम्झौताका वखत कार्यक्रम अवधि र क्रियाकलापहरुको बिवरण अनुदानग्राहीसंगको सहमतिमा कार्यक्रमको प्रकार हेरी निर्धारण गरिनेछ।

(३) कार्यक्रम सम्झौतामा तोकिएका क्रियाकलापहरु तोकिएको समय अवधि भित्र सम्पन्न गर्नु पर्नेछ।

(४) कार्यक्रम सञ्चालनको लागि पेश्कि रकम उपलब्ध गराईने छैन तर कार्य प्रगतिको आधारमा मन्त्रालय वा मातहतका कार्यलयबाट रकम भूक्तानी दिईनेछ ।२५ प्रतिशत काम सम्पन्न गरे पछि अनुदानको २५ प्रतिशत, ५० प्रतिशत काम सम्पन्न भए पछि ५० प्रतिशत र सबै काम सम्पन्न भए पछि पूर्ण भुक्तानी हुनेछ ।

(५) कार्यक्रम सम्पन्न भएको आधारमा मन्त्रालय वा मातहतका कार्यलयले देहायको प्रक्रिया पुरा गरे पछि मात्र रकम भुक्तानी गर्नेछ।

(क) सम्झौता अनुसारको कार्यक्रम गर्दा खर्च भएको वील भरपाईको सक्कलै कागजात पेश गर्नुपर्नेछ ।

(ख) सम्पन्न गरिएको क्रियाकलापको फोटो समाबेश गर्नु पर्नेछ ।

(ग) सम्बन्धित अनुदानग्राहीले आफूले सञ्चालन गरेका ब्यवसायको उत्पादन बजारीकरण तथा आम्दानी सहितको प्रगति प्रतिबेदन पेश गर्नु पर्नेछ ।

(घ) सम्बन्धित कृषि ज्ञानकेन्द्र तथा भेटेरीनरी अस्पताल तथा पशु बिज्ञ केन्द्रको सिफारिस पत्र समाबेश गर्नु पर्नेछ ।

(ङ) मन्त्रालयबाट खटाईएको टोलीको अनुगमन प्रतिबेदन संलग्न हुनुपर्नेछ।

(च) सार्वजनिक सुनुवाइ गरेको माइनुटको प्रतिलिपी संलग्न हुनुपर्नेछ।

(६) कार्यक्रमको रकम भूक्तानी गर्दा १.५ प्रतिशत अग्रिम आयकर र कूल लागतको २.५ प्रतिशत कन्टिन्जेन्सी रकम काटिनेछ।कन्टिन्जेन्सी रकम बिषेशज्ञ परामर्श सेवा, मर्मत सम्भार र निर्माण कार्यको सुपरभिजन, प्राविधिक सेवा, हेरालु कार्य विविध खर्च आदिमा प्रयोग गर्न सकिनेछ ।

(७) अनुसूची १, वर्गिकरण २ तर्फका अनुदानग्राहीले सञ्चालन गरेका व्यवसायको उत्पादन बजारीकरण तथा आम्दानी सहितको विस्तृत प्रगति विवरण पेश गर्नुपर्नेछ र मन्त्रालय तथा मातहतका कार्यालयले तोके बमोजिम प्रस्तुती समेत गर्नु पर्नेछ।

८. **कार्यक्रम अनुगमन निरिक्षणसम्बन्धी व्यवस्थाहरुः** यस कार्यक्रमसम्बन्धी स्थलगत निरिक्षण एवं अनुगमन मन्त्रालय, कृषि विकास निर्देशनालय, पशुपंछी तथा मत्स्य विकास निर्देशनालय,कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले गर्नेछ।यसको

साथै आवश्यकता अनुसार सम्बन्धित प्रदेश सांसद तथा जनप्रतिनिधिहरुको संयुक्त टोली बनाई अनुगमनको व्यवस्था गरिनेछ ।

९. **<u>विविधः</u>** यस कार्यविधिमा उल्लेख भएका विषयवस्तुका सम्बन्धमा कुनै अस्पष्टता भएमा सो को व्याख्या मन्त्रालयले निर्णय गरे बमोजिम हुनेछ।

१०. **<u>संसोधनसम्बन्धी व्यवस्थाः</u>** यस कार्यविधिमा भएका व्यवस्थाहरु मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

## परिच्छेद ३
## <u>समितिसम्बन्धी व्यवस्था</u>

**११. समितिहरुको गठनः** (१) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनको लागि आवश्यक निती तथा निर्देशनका लागि देहायबमोजिमको निर्देशक समिति गठन हुनेछ।

| | | | |
|---|---|---|---|
| (क) | माननीय मन्त्री | भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्रालय | अध्यक्ष |
| (ख) | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (ग) | सचिव | उघोग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| (घ) | सचिव | सामाजिक विकास मन्त्रालय | सदस्य |
| (ङ) | सचिव | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | सदस्यसचिव |

(२) निर्देशक समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) निर्देशक समितिको काम, कर्तब्य र अधिकारः यस कार्यक्रम सञ्चालनका लागि नीतिगत व्यवस्था तथा समस्या समाधान सम्बन्धमा आवश्यक निर्देशन दिने हुनेछ

(४) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनको लागि मूल्याङ्कन समितिबाट मूल्याङ्कन भइ प्राप्त प्रस्तावहरुको स्वीकृति गर्न देहाय बमोजिमको अनुदान व्यवस्थापन समिति गठन हुनेछ ।

| | | | |
|---|---|---|---|
| (क) | सचिव | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | अध्यक्ष |
| (ख) | निर्देशक | कृषि विकास निर्देशनालय | सदस्य |
| (ग) | निर्देशक | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| (घ) | प्रमुख | प्रशासन तथा सहकारी विकास महाशाखा | सदस्य |
| (ङ) | प्रमुख | खाद्य सुरक्षा तथा कृषि ब्यबसाय प्रवर्द्धन महाशाखा | सदस्य |
| (च) | प्रमुख | पशुपंछी विकास महाशाखा | सदस्य |
| (छ) | प्रमुख | भुमि ब्यबस्था महाशाखा | सदस्य |
| (ज) | प्रमुख | योजना तथा अनुगमन महाशाखा | सदस्य सचिव |

(५) अनुदान व्यवस्थापन समितिले आवश्यकता अनुसार कुनै विज्ञ विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) अनुदान व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः यस समितिको काम कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछ।

(क) मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई आएका प्रस्तावहरु उपर छलफल गरी औचित्य हेरी स्वीकृत गर्ने ।

(ख) अनुदानको सिमा तोक्ने ।

(ग) प्रस्तावको औचित्य हेरी मूल्याङ्कन प्राथमिकतामा नपरेका प्रस्तावलाई समेत कारण सहित स्वीकृत गर्न सक्नेछ।

(घ) कुनै वा सबै प्रस्ताव अस्पष्ट लागेको खण्डमा पुनः मूल्याङ्कन गर्नका लागि मूल्याङ्कन समितिमा फिर्ता पठाउन सक्नेछ भने आवश्यक्ता अनुसार फिल्ड प्रमाणिकरण कार्य पुन गराउन सक्नेछ ।

(७) यस कार्यविधि बमोजिम कृषि अनुदान कोष कार्यक्रम सञ्चालन गर्नको लागि पेश भएका प्रस्तावहरुको मूल्याङ्कन गर्न देहाय बमोजिमको समिति गठन हुनेछ ।

| | | | |
|---|---|---|---|
| (क) | महाशाखा प्रमुख | योजना तथा अनुगमन महाशाखा | अध्यक्ष |
| (ख) | प्रमुख | अनुगमन तथा मूल्याङ्कन शाखा | सदस्य |
| (ग) | प्रमुख | सहकारी तथा गरिबी निवारण शाखा | सदस्य |
| (घ) | प्रमुख | खाद्य सुरक्षा प्रवर्द्धन शाखा | सदस्य |
| (ङ) | प्रमुख | पशुपंछी ब्यबसाय प्रवर्द्धन शाखा | सदस्य |
| (च) | प्रमुख | आर्थिक प्रशासन शाखा | सदस्य |
| (छ) | प्रमुख | कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास शाखा | सदस्य सचिव |

(८) मूल्याङ्कन समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(९) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) कृषि अनुदान कोष कार्यक्रम सञ्चालनको लागि पेश भएका प्रस्तावहरुको अनुसूची ५ अनुसार प्रारम्भिक मूल्याङ्कन गर्ने गराउने ।

(ख) फिल्ड प्रमाणिकरण टोली गठन तथा सहजीकरण गरी कार्य गराउने।

(ग) आवश्यक्ताका आधारमा नमूना प्रमाणिकरण गर्ने तथा अनुगमन गर्ने ।

(घ) फिल्ड प्रमाणिकरणबाट प्राप्त भएको फिल्ड रिर्पोटको अनुसूची ७ बमोजिमको मूल्याङ्कनको आधारमा मूल्याङ्कन गरी अनुदान ब्यबस्थापन समितिमा सिफारिस गर्ने।

# अनुसूचीहरु

## अनुसूची १

## कृषि अनुदान कोषको लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

**प्रथम पटक सुचना प्रकाशन मिति........**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं ५, वुटवलद्वारा आ व २०७५ ७६ को कृषि अनुदान कार्यक्रमका लागि बर्गिकरण१ (क) १ (ख)र २ मा रहेर कृषिमा आधारित कार्यक्रम सञ्चालन गर्न इच्छुक प्रदेश नं. ५ का १२ जिल्लाका कृषक समूह कृषि सहकारी संस्था र सहकारी फर्म तथा उद्यमीहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र तपसिलमा उल्लेखित कागाजतहरु संलग्न गरी सूचानामा उल्लेख भएका कार्यालयमा निवेरदन सहित विस्तृत प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**बर्गिकरण**

| बर्गिकरण | लगानीको क्षेत्र | कोषबाट लगानीहुने रकम | अनुदानग्राहीकोसाझेदारी अंश | योग्य आवेदक | कैं. |
|---|---|---|---|---|---|
| १(क) . | खाद्य तथा पोषण सुरक्षा, ब्यबसाय उन्मुख कृषि तथानबिन प्रविधि | बढीमा४(चार ) लाख वा ५0 (पचास)प्रतिशत जुन रकम कम हुन आउछ | ५० (पचास)प्रतिशत | समूह तथा सहकारीमा आबद्ध कृषक/कृषिमा संलग्न निजीफर्म तथा उद्यमीहरु | ब्यवसायिक कृषि कार्यक्रमको कूल प्रस्ताव रकम कम्तिमा ५ (पाच) लाखको हुनु पर्ने |
| १(ख). | | बढीमा६(छ) लाख वा ५० (पचास) प्रतिशत जुन रकम कम हुन आउछ | | कृषकसमूह, उत्पादनमूलक कृषि सहकारी संस्थाहरु | ब्यवसायिक कृषि कार्यक्रमको कूल प्रस्ताव रकम कम्तिमा १०(दश) |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | लाखको हुनु पर्ने |
| २. | व्यावसायिक कृषि | बढीमा१० (दश) लाख वा ५० (पचास) प्रतिशत जुन रकम कमहुनआउछ | ५० (पचास)प्रतिशत | कृषकसमूह, उत्पादनमूलक कृषि सहकारी संस्थाहरु, कृषिमा संलग्न निजी फर्म तथा उद्यमीहरु | ब्यवसायिक कृषि कार्यक्रमको कूल प्रस्ताव रकम कम्तिमा १५ (पन्ध्र) लाखको हुनु पर्ने |

नोटः कृषि अनुदान कोष अन्तर्गत प्रस्ताव आवेदनका लागि लगानि क्षेत्र विशेष मूल्य श्रृंखलाहरुको लागि निर्धारित मापदण्ड तथा आवेदन दर्ता गर्ने निकायको विवरण यस मन्त्रालयको वेवसाइट तथा मातहतका कार्यालयबाट प्राप्त गर्न सकिने छ।

प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजहरुः

१. कृषक समूह/कृषि सहकारी संस्था, निजी फर्म तथा उद्यमीहरुले आधिकारीक निकायमा सूचना प्रकाशन मिति भन्दा अगाडी दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी१ प्रति।
२. कृषि सहकारी संस्था निजी/फर्म तथा उद्यमीहरुको हकमा आ ७५।२०७४ .व. लेखापरिक्षणको प्रतिवेदन, कर चुक्ताको प्रमाण पत्र, VAT/PAN दर्ताको प्रमाण पत्रको प्रतिलिपी १ प्रति ।
३. ब्यवसायिक कृषि कार्यक्रमको प्रस्ताव अनुसूचि ३ बमोजिमको ढाँचामा १ प्रति।
४. कृषक समूह निजी फर्म तथा उद्यमीहरुको/कृषि सहकारी संस्था/ब्यवसायिक कृषि कार्यक्रम प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपी ।
५. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपी १ प्रति ।
६. कार्यत्रञ्म सञ्चालनको लागि जग्गा आवश्क पर्ने अवस्थामा आफ्नो जग्गा भएमा लालपुर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिई व्यवसाय गर्नेको हकमा कम्तिमा ५ वर्षको लागि करार गरिएको सम्झौता पत्रको प्रतिलिपि १/१ प्रति ।
७. प्रस्तावनाको ढांचा अनुसूचि यस मन्त्रलयको वेब साईट (molmac.p5.gov.np) वाट डाउनलोड गर्न सकिनेछ।

८. प्रस्तावना दर्ता मन्त्रालयको मातहतका कार्यालय तथा सुचना प्रकाशनका बखत मन्त्रालय मातहतका कार्यालयले तोके बमोजिम हुनेछ।

## अनुसूची २

## कृषि अनुदान कोषको लागि मूल्य श्रृखलाको विवरण तथा मापदण्ड

| सि.नं. | लगानीका उपक्षेत्रहरु | मूल्य श्रखलाहरु | निजी फर्म तथा उद्यमीहरु | कृषक समूह तथा कृषि सहकारी संस्थाहरु | कै. |
|---|---|---|---|---|---|
| १ | खाद्य तथा पोषण सुरक्षा र व्यवसाय उन्नमुख कृषि तथा नविन खेती/प्रविधि<br><br>बर्गिकरण १(क) र (ख) | मौसमी तथा बेमौसमी तरकारी खेती/मसला बाली | तराईमा २ बिगाह र पहाडमा २० रोपनी प्रति प्रस्ताव हुनु पर्ने | तराईमा ३ बिगाह र पहाडमा ३० रोपनी प्रति प्रस्ताव हुनु पर्ने | |
| | | प्लाष्टिक घरमा तरकारी खेती | कम्तिमा १२०० बर्गमिटर क्षेत्रफलमा हुनुपर्ने | कम्तिमा ३००० बर्गमिटर क्षेत्रफलमा हुनुपर्ने | |
| | | च्याउ खेती | १५००प्याकेट बीउ (४०० ग्राम) प्रति कृषक प्रति लट हुनुपर्ने | २५०० प्याकेट बीउ (४०० ग्राम) प्रति कृषक प्रति लट हुनुपर्ने | |
| | | फलफूल खेती | तराईमा ३ बिगहा र पहाडमा २० रोपनी प्रति प्रस्ताव हुनु पर्ने । | तराईमा ५ बिगहा र पहाडमा ३० रोपनी प्रति प्रस्ताव हुनु पर्ने । | |
| | | पशुपालन (गाई, भैसी, बाख्रा, बगुर) | कम्तिमा उन्नत नश्लको दुहुनो गाई/भैसी ६, बाख्रा ५० वटा, बंगुर २० वटा | कम्तिमा उन्नत नशलको दुहुनो गाई/भैसी | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | पालन गर्नुपर्ने | १०, बाख्रा १०० वटा, बंगुर ४० वटा पालन गर्नुपर्ने | |
| | | पन्छीं (लौकाट, बट्टाई, टर्कि) | कम्तिमा लौकाट २०००, बट्टाई २०००, टर्कि ५०० पालन गर्नुपर्ने | कम्तिमा लौकाट ३०००, बट्टाई ३०००, टर्कि ८०० पालन गर्नुपर्ने | |
| | | फलफूल तथा तरकारीको ब्यबसायिक नर्सरी स्थापना | तराईमा कम्तिमा ४ कठ्ठा र पहाडमा २ रोपनीमा हुनुपर्ने | तराईमा कम्तिमा ६ कठ्ठा र पहाडमा ३ रोपनीमा हुनुपर्ने | |
| | | माथि उल्लेखित बाहेक कुनै नविन खेती तथा प्रविधि | प्रस्तावना अनुसार | प्रस्तावना अनुसार | |
| २ | ब्यबसायिक कृषि उपक्षेत्र बर्गिकरण २ | मौसमी तथा बेमौसमी तरकारी खेती/मसला बाली | कम्तिमा तराईमा ५ बिगाह र पहाडमा ५० रोपनी प्रति प्रस्ताव हुनु पर्ने | | |
| | | प्लाष्टिक घरमा तरकारी खेती | कम्तिमा ५००० बर्गमिटर क्षेत्रफलमा हुनुपर्ने | | |
| | | च्याउ खेती | ४००० प्याकेट बीउ (४०० ग्राम) प्रति कृषक प्रति लटहुनुपर्ने | | |
| | | फलफूल खेती | तराईमा १० बिगहा र पहाडमा ३० रोपनी प्रति प्रस्ताव हुनु पर्ने | | |
| | | पशुपालन (गाई, भैसी, बाख्रा, बगुर) | कम्तिमा उन्नत नश्लका दुहुनो गाई/भैसी २० वटा, बाख्रा १५० वटा, बंगुर ६० वटा पालन गर्नुपर्ने | | |
| | | फलफूल तथा तरकारीको ब्यबसायिक | तराईमा कम्तिमा १० कठ्ठा र पहाडमा ५ रोपनीमा हुनुपर्ने | | |

| | | | | |
|---|---|---|---|---|
| | | नर्सरी स्थापना | | |
| | | माथि उल्लेखित बाहेक कुनै नविन खेती तथा प्रविधि | प्रस्तावना अनुसार | |

## अनुसूची ३ (क)

# कृषि अनुदान कोष कार्यक्रमका लागी निवेदन तथा प्रस्ताव पत्रको ढांचा

मितिः................................

श्री सचिव ज्यू,
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय,
प्रदेश नं. ५, बुटवल, नेपाल

**विषयः कृषि अनुदान कोष मार्फत संचालन हुने कृषि कार्यक्रममा सहभागि हुन प्रस्ताव पेश गरेको वारे ।**

प्रस्तुत विषयमा तहां मन्त्रालयबाट मिति...................................... मा प्रकाशित गरिएको सूचना अनुसार कृषि अनुदान कोषमा सहभागि हुने योग्यता पुगेकोले ............................ बर्गिकरणको............................................................ मूल्य श्रृङ्खला अन्तर्गत मन्त्रालयले उल्लेख गरेको लगानी साझेदारी तथा शर्तहरुको अधिनमा रहिव्यवसायीक कृषि कार्यक्रमसंचालन गर्ने निम्न बमोजिका कागजातहरू यसै पत्रसाथ संलग्न गरी यो प्रस्ताव पेश गरे का छौं वा छु ।

**संलग्न कागजातहरु :**

१. व्यवसायीक कृषि कार्यक्रम प्रस्ताव अनुसुची ३ बमोजिम पेज..........को ......... प्रति ।
२. व्यवसायीक कृषि कार्यक्रम सम्बन्धी समूह/सहकारीको वैठकको निर्णयको प्रतिलिपी ।
३. संस्था दर्ताको प्रमाण पत्र/लेखा परिक्षण प्रतिवेदन/ कर चुक्ताको प्रमाणपत्र/ VAT/PAN दर्ताको प्रमाणपत्रको प्रतिलिपी .........प्रति ।
४.प्रस्तावकको नागरिकताको प्रतिलिपी १ प्रति ।
५. जग्गाको लालपूर्जा/ भाडा सम्झौता पत्रको प्रतिलिपी १ प्रति ।
६. निर्माण गरिने पूर्वाधारको सामन्य डिजाइन तथा स्टीमेट
७. अन्य ..............................

दस्तखत ........................................
नाम :..........................................
ठेगानाः.............................................
पद :.....................................
संस्थाको/उद्यमीको नाम : .................
सम्पर्क नं..............................
इमेलः..................................

(संस्थाको छाप)

## अनुसूची ३(ख)
## व्यवसायीक कृषि कार्यक्रम प्रस्ताव ढाँचा

| कार्यालय प्रयोजनको लागि मात्र | | | |
|---|---|---|---|
| व्यवसायीक कृषि कार्यक्रमको संकेत नं. | | बर्गिकरण नं. | |

### खण्ड क: आवेदक तथा व्यवसायिक कृषि कार्यक्रमको विवरण

१. आवेदक संस्था/संगठन /उद्यमीको सम्वन्धी विवरण

| आवेदक संस्थाको | नाम :....................................................... |
|---|---|
| आबेदकको पुरा ठेगाना | जिल्ला :..............................................................<br>गा.पा./न.पा.:..........................वडा नं.:...............<br>गाँउ/टोल :............................... ईमेल....................<br>टेलिफोन नं :........................................................ |
| व्यवसायीक कृषि कार्यक्रमको पत्राचार गर्ने ठेगाना | १. सम्पर्क व्यक्तिको नाम :.................................<br>२.टेलिफोन.......................मोवाईलः..................................<br>३. फ्याक्सः...............................................<br>४. इमेल.................................................. |
| आवेदक संस्थाको किसिम (कुनै एक मात्र चिन्ह लगाउने) | १. कृषक समूह २.कृषि सहकारी ३.उद्यमी ४.समूह सहकारीमा आबद्ध कृषक ५.अन्य खुलाउने):.............................. |
| संस्था स्थापना भएको मिति | गते/महिना/बर्ष.......................................................... |
| सम्बन्धित सरकारी निकायमा संस्था दर्ता भएको | दर्ता नम्बर ..............................................................<br>सस्था दर्ता गर्ने निकाय................................................<br>मितिः(दिन/महिना/बर्ष)................................................... |
| भ्याट/प्यान दर्ता नं. | ................................................................ |
| बर्गिकरण | १ (क)<br>१ (ख)<br>२ |
| प्रस्ताव पेश गरेको कृषि मूल्य श्रृङ्खला | |

२. प्रस्तावित व्यवसायीक कृषि कार्यक्रमको नाम र ठेगाना

| व्यवसायीक कृषि कार्यक्रमको नाम | |
|---|---|
| ठेगानाः | गाउँ /टोलः...................वडा नं...............<br>गाँउपालिका/नगरपालिकाः.....................<br>जिल्लाः............... |

३. प्रस्तावित व्यवसायिक कृषि कार्यक्रम संलग्न हुने सेवाग्राहीहरुको वा घरपरिबार विवरण ( सख्या) जम्मा सदस्य संख्या ........................ समेटिएका जम्मा घरधुरी संख्या .........................

| समावेशिकरण बिवरण | | | |
|---|---|---|---|
| उप आयोजनमा संलग्न हुने कुल सदस्य संख्या | महिला | पुरुष | जम्मा |
| दलित | | | |
| जनजाति | | | |
| मूस्लीम | | | |
| थारु | | | |
| बादी | | | |
| ब्राह्मण क्षेत्री | | | |
| अन्य | | | |

४. प्रस्तावित व्यवसायीक कृषि कार्यक्रमका उद्देश्यहरु:

क.

ख.

ग.

५. प्रस्तावित व्यवसायीक कृषि कार्यक्रमको कूल लागतको बांडफांड

| क.सं. | वित्तीय श्रोत | पूँजिगत रु. | चालु रु. | जम्मा रु. |
|---|---|---|---|---|
| १. | आवेदकको लगानी रकम रु. | | | |
| २. | कृषि अनुदान कोषको रकम रु. | | | |
| | कुल लागत | | | |

६. प्रस्तावित व्यवसायीक कृषि कार्यक्रमको कार्यान्वयन र व्यवस्थापन समिति

| पद | नाम,थर | विशेष भूमिका | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

७.अन्य कुनै संस्थाबाट प्रस्तावति कृषि मूल्य श्रृङ्खलामा वित्तीय सहयोग प्राप्त गर्नु भएको भए खुलाउनुहोस् ।

प्राप्त गरेको/नगरेको

सहयोगदिने संस्थाको नाम................................................ प्राप्त आ.ब.............

सहयोग लिएको रकम रु.....................काम सम्पन्न भएको छ/छैन

## खण्ड खः प्रस्तावित व्यवसायीक कृषि कार्यक्रमको योजना विवरणः

८. अनुदान माग गर्ने संस्थाको अनुभव सम्वन्धि विवरण

क.

ख.

ग.

९. संस्था वा उद्यमी संग हाल भएको, मानविय, वित्तीय तथा भौतिक श्रोत संवन्धि विवरण

९.१ भौतिक साधनहरु

| क.सं | भौतिक सामाग्रीको बिबरण | संख्या | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

९.२.जनशक्तिको विवरण

| क.सं. | नाम, थर | शिक्षा /तालिम | अवधि | उतिर्ण गरेको तह | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

९.३. गत ३ बर्षको बितिय अवस्था

| क.सं. | बितियश्रोतहरु | बर्ष.................... (नेरु) | बर्ष.................... (नेरु) | बर्ष.................... (नेरु) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

## १०. व्यवसायिक योजना

### १०.१. बाली सम्बन्धि व्यवसायीक कृषि कार्यक्रमका लागि (मूल्य श्रृखलाहरुमा आधारित तोकिएको मापदण्ड अनुरुप)

| क.स. | बाली सम्बन्धि बिबरण | हालको क्षेत्रफल हे. /कठ्ठा /रोपनी | अपेक्षित लक्ष्य (कार्यक्रम कार्यान्वयन पश्चात्) हे. /रोपनी | | | हालको उत्पादन मे.ट. | अपेक्षित उत्पादन लक्ष्य (कार्यक्रम कार्यान्वयन पश्चात्) मे.ट. | | | हाल रोजगारी संख्या | अपेक्षित रोजगारी संख्या बार्षिक | हालको बार्षिक आम्दानी रु. | अपेक्षित बार्षिक आम्दानी रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | | वर्ष १ | वर्ष २ | वर्ष ३ | | | | |
| १ | मौषमी तथा बेमौषमी तरकारी | | | | | | | | | | | | |
| २ | प्लाष्टिक घरमा तरकारी खेती ( बर्गमिटर) | | | | | | | | | | | | |
| ३ | च्याउ खेती (पोका बीउ) | | | | | | | | | | | | |
| ४ | फलफुल खेती ( ..........,..........,........) | | | | | | | | | | | | |
| ५ | फलफुल तथा तरकारी व्यवसायिक नर्सरी | | | | | | | | | | | | |
| ६ | नविन खेती/प्रविधि ( ..........,..........,.. | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ……) | | | | | | | | | | | | |
| ७ | अन्य | | | | | | | | | | | | |

## १०.२. पशुपन्छी पालन सम्बन्धी ब्यबसायको लागि (मूल्य श्रृखलाहरुमा आधारित तोकिएको मापदण्ड अनुरुप)

| क.स. | पशुधन सम्बन्धि बिबरण | हालको संख्या | अपेक्षित लक्ष्य (कार्यक्रम कार्यान्वयन पश्चात्) संख्या | | | हालको उत्पादन लि.मे.ट. संख्या. | अपेक्षित उत्पादन लक्ष्य (कार्यक्रम कार्यान्वयन पश्चात्) लि.मे.ट. संख्या | | | हाल रोजगारी संख्या | अपेक्षित रोजगारी संख्या बार्षिक | हालको बार्षिक आम्दानी रु. | अपेक्षित बार्षिक आम्दानी रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | | वर्ष १ | वर्ष २ | वर्ष ३ | | | | |
| १ | उन्नत नश्लका गाई | | | | | | | | | | | | |
| २ | उन्नत नश्लका भैसी | | | | | | | | | | | | |
| ३ | उन्नत बाखा | | | | | | | | | | | | |
| ४ | बगुंर | | | | | | | | | | | | |
| ५ | लौकाट | | | | | | | | | | | | |
| ६ | बट्टाई | | | | | | | | | | | | |
| ७ | टर्की | | | | | | | | | | | | |

१०.३ बजार प्रतिस्प्रधि रणनीति बारे उल्लेख गर्नुहोस् (उत्पादन सामाग्री खरिद तथा विक्री योजना सहित)

क.

ख.

ग.

## १०.४.व्यवसायीक कृषि कार्यक्रम कृयाकलाप,बजेट तथा लागत साझेदारीको बिस्तृत बिवरण

| सि.नं. | कार्य बिवरण | एकाई | परिमाण | दर | जम्मा रकम रु. | लागत साझेदारी | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | माग गरेको अनुदान रु | अनुदानग्रहीले ब्यहोर्ने रकम रु. | अनुदान प्रतिशत |
| क. | पूँजिगत खर्च (पूर्वाधार बिकास तथा मेसिनरी) | | | | | | | |
| १ | भौतिक संरचना तथा बजार पूर्वाधार विकास | संख्या | | | | | | |
| १.१ | | | | | | | | |
| १.२ | | | | | | | | |
| १.३ | | | | | | | | |
| २ | सिंचाई पूर्वाधार/दाना ब्यवस्थापन | संख्या | | | | | | |
| २.१ | | | | | | | | |
| २.२ | | | | | | | | |
| २.३ | | | | | | | | |
| ३ | मेसिनरी औजार उपकरणहरु | संख्या | | | | | | |
| ३.१ | | | | | | | | |
| ३.२ | | | | | | | | |
| ३.३ | | | | | | | | |
| ३.४ | | | | | | | | |
| | **पूँजिगत खर्च जम्मा(क)** | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **ख** | **चालु खर्च** | | | | | | | |
| ४ | उत्पादन सामग्रीहरु | | | | | | | |
| ४.१ | | | | | | | | |
| ४.२ | | | | | | | | |
| ४.३ | | | | | | | | |
| ४.४ | | | | | | | | |
| ५ | श्रम | कार्य दिन | | | | | | |
| ५.१ | दक्ष श्रम | ब्य. दिन | | | | | | |
| ५.२ | अदक्ष श्रम संख्या | | | | | | | |
| **६.** | **पारदर्शिता तथा सुशासन** | | | | | | | |
| ६.१ | कार्यक्रमको संक्षिप्त विवरण लेखिएको होडिङबोर्ड | संख्या | | | | | | |
| ६.२ | सार्वजनिक सुनुवाइ | पटक | | | | | | |
| ६.३ | व्यवसायीक कृषि कार्यक्रम अन्तिम प्रतिबेदन तयारी | संख्या | | | | | | |
| | **चालु खर्च जम्मा(ख)** | | | | | | | |
| | **व्यवसायीक कृषि कार्यक्रम कुल खर्च (क+ख)** | | | | | | | |

## १०.५.व्यवसायीक कृषि कार्यक्रम बार्षिक कार्यतालिका (Annual work calendar)

| क्रियाकलाप | वर्ष १ | | |
|---|---|---|---|
| | पहिलो ३ महिना (कार्तिक– पौष) | दास्रो ३ महिना (माघ–चैत) | तेस्रो ३ महिना (बैशाख– असार) |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## खण्ड ग: व्यवसायीक कृषि कार्यक्रमको सामाजिक तथा बाताबरणिय पक्ष

### ११.सामाजिक तथा बाताबरणिय परिक्षण (Environmental and Social Screening)

#### ११.१ कार्यक्रम संचालन गर्ने स्थानको बाताबरणीय अवस्था

| क.सं. | बिबरण | पर्छ | पर्दैन | यदि पर्छ भने के यो उप आयोजना संचालनबाट कुनै प्रकारको नकारात्मक असर पर्न सक्ने सम्भावना छ? |
|---|---|---|---|---|
| १ | बन,जङ्गल/बन्यजन्तु/अन्य प्राकृतिक श्रोतहरु | | | |
| २ | जलासय(नदी,तलाउ,पोखरी) | | | |
| ३ | राष्ट्रिय निकुञ्ज/संरक्षित क्षेत्र | | | |
| ४ | पानीको मुहान | | | |
| ५ | पुरातात्विक क्षेत्र/धार्मिक क्षेत्र/मन्दिर | | | |
| ६ | चिहान | | | |

#### ११.२. वातावरण व्यवस्थापन योजना

(प्रस्तावित कार्यक्रम कार्यान्वयनको सिलसिलामा उत्पन्न हुन सक्ने अप्रत्यासित वातावरणीय तथा सामाजीक समस्याहरु समाधानको लागि यस मा केहि कृयाकलापहरु प्रस्तावित गरिएको भए त्यसको छोटकरी विवरण )

| क्रियाकलापहरु | वातावरणमा प्रभाव | न्यूनीकरणका उपाय | प्रस्तावित न्यूनीकरणको खर्च | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

८ वातावरणमा प्रभाव पार्ने क्रियाकलाप मात्र उल्लेख गर्नु होला

११.३ प्रस्ताबित कार्यक्रमलाई दिगो राख्न के योजना सोच्नु भएको छ ?

क.............................................................................................................
............ख.............................................................................................................
.........................ग.............................................................................................................
......................................

## ११.३ संस्था वा उद्यमी को तर्फबाट स्वघोषणा

म/हामी, हाम्रो संस्थाको तर्फबाट यो स्वीकार गर्दछौं कि मेरो/हाम्रो ज्ञान बुद्धिले जानेसम्म यो फारममा उल्लेख गरिएका विवरण/तथ्यहरु सत्य छन । माथिका विवरण तथा तथ्यहरु हामीले जानी जानी फरक पार्न खोजेको ठहरिएमा हाम्रो आवेदन छनोट प्रक्रियामा समावेश गर्ने छैन भन्ने कुरा मैले/हामीले राम्ररी बुझेकोछु/बुझेकाछौ । हाम्रो व्यवसायीक कृषि कार्यक्रम स्वीकृत भएमा कार्यालयको नीति नियम पालना गरि कार्यान्वयन गर्दछौ व गर्ने छु । प्रस्तावित लगानी कार्यक्रमको लागि अन्य दाताहरुबाट अनुदान लिएको वा लिन पहल भए नभएको स्वघोषणा समेत गर्दछौ व गर्ने छु ।

संस्थाको तर्फबाट दस्तखत गर्ने संस्थाको छाप

दस्तखतः ...............................................
नामः ....................................................
पदः .....................................................
संस्थाको नाम :.......................................
मितिः ..................................................
सम्पर्क नं.............................................
इमेलः..................................................

**अनुसूची ४**

**प्रस्तावहरुको विवरण कम्मपाईलेसन ढाँचा**

| सि. नं. | कृषकसमूह, कृषि सहकारी, निजी फर्म,उद्यमी को नामावली विवरण | ठेगाना | सम्पर्क नं | कृषिअनुदान कोषको लागि पेश गरेको मूल्य श्रखला | व्यवसायीक कृषि कार्यक्रम को लागत | कृषिअनुदान कोष मार्फत माग गरेको रकम रु | उपभोक्ताकोतर्फबाट ब्यहोर्ने रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |

# अनुसूची ५
## प्रारम्भिक मुल्याङ्कनको लागि चेक लिष्ट

| | | | |
|---|---|---|---|
| दर्ता नं./ जिल्ला : | | | |
| कृषक समूह, कृषि सहकारी, निजी फर्म,उद्यमीको नामावली विवरणः | | | |
| ठेगाना | | | |
| लगानीको उप क्षेत्र वा बर्गिकरण | | | |
| पेश गरेको मूल्य श्रखला | | | |
| सम्पर्क व्यक्तिको नाम<br>सम्पर्क नं.<br>ईमेल | | | |
| सि.न. | विवरण | भएको वा नभएको | कैफियत |
| १ | आधिकारीक निकायमा दर्ता | | |
| २ | कर कार्यालयमा दर्ता(आवश्यक भएमा) | | |
| ३ | अडिट रिपोर्ट (आवश्यक भएमा) | | |
| ४ | कर चुक्ता प्रमाण पत्र(आवश्यक भएमा) | | |
| ५ | प्रस्तावना पेशको लागि निर्णय | | |
| ६ | प्रस्तावनामा आफूलेलागत ब्यहोर्ने प्रतिवद्धता | | |
| ७ | प्रस्तावनामापेश गर्दा मापदण्ड अनुसार हुनु पर्ने | | |
| ८ | अनुसूची-३ बमोजिमको आयोजनाको प्रस्तावना | | |
| ९ | PAN आवस्यक भएमा | | |
| १० | यस अघिको अनुदानको अवस्था | | |
| ११ | नागरिकता | | |
| १२ | जग्गा धनी प्रमाण पुर्जा वा सम्झौता | | |
| १३ | समभाव्यता | | |

<u>प्रस्तावित निर्णय</u>

अघि बढाउने ☐ अघि नबढाउने ☐

यदि अघि नबढने अवस्थामा कारण

| |
|---|
| |

| क्र स | रुजु गर्नेको नाम | पद | हस्ताक्षार |
|---|---|---|---|
| १ | | | |

| | | | |
|---|---|---|---|
| २ | | | |
| ३ | | | |

# अनुसूची ६
# प्रदेश सरकार
# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
# कृषि अनुदान कोष कार्यक्रमका लागी फिल्ड प्रमाणिकरणको फाराम

| कार्यालय प्रयोजनको लागि मात्र | | | |
|---|---|---|---|
| प्रस्तावना दर्ता नं. | | वर्गिकरण | |

## खण्ड कः अनुदान ग्राहीको विवरण

१. अनुदान ग्राहीको विवरण

| आवेदक संस्थाको | नाम :...................................................... |
|---|---|
| आबेदकको पुरा ठेगाना | जिल्ला :.............................................................. <br> गा.पा. ⁄ न.पा.:..........................वडा नं.:................ <br> गाँउ ⁄ टोल :................................ ईमेल..................... <br> टेलिफोन नं :......................................................... |
| आवेदक संस्थाको किसिम (कुनै एक मात्र चिन्ह लगाउने) | १. कृषक समूह २.कृषि सहकारी ३.उद्यमी ४.समूह सहकारीमा आबद्ध कृषक ५.अन्य खुलाउने):............................... |
| संस्था स्थापना भएको मिति | गते ⁄ महिना ⁄ बर्ष........................................................... |
| सम्बन्धित सरकारी निकायमा संस्था दर्ता भएको | दर्ता नम्बर .............................................................. <br> सस्था दर्ता गर्ने निकाय............................................... <br> मितिः(दिन ⁄ महिना ⁄ बर्ष)................................................... |
| भ्याट/प्यान दर्ता नं. | ................................................................ |
| बर्गिकरण | १ (क) <br> १ (ख) <br> २ |
| प्रस्ताव पेश गरेको कृषि मूल्य श्रृङ्खला | |

२. प्रस्तावित व्यवसायीक कृषि कार्यकम विवरण

| कार्यकमको नाम | |
|---|---|
| ठेगानाः | जिल्ला.......................................................................... <br> स्थानिय पालिका.............................................................. <br> गाउँ ⁄टोलः....................................वडा नं...................... |

३. प्रस्तावित कार्यकममा संलग्न हुने सेवाग्राहीहरुको वा घरपरिबार विवरण (सख्या)

जम्मा सदस्य संख्या ........................ समेटिएका जम्मा घरधुरी संख्या .........................

| समावेशिकरण बिवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| कार्यक्रममा संलग्न हुने कुल सदस्य संख्या | | | |
| दलित | | | |
| जनजाति | | | |

| | | | |
|---|---|---|---|
| मूस्लीम | | | |
| थारु | | | |
| ब्राह्मण क्षेत्री | | | |
| अन्य | | | |

४. प्रस्तावित कार्यक्रमको उद्देश्यहरु अनुसारको क्रियाकलापहरु संचालनको अवस्था

क) भएको  ख) नभएको

५. प्रस्तावितकार्यक्रमको कूल लागतको बांडफांडमा लागत सहभागिताको श्रोत खुल्ने प्राप्त आधार भएको वा नभएको

क) भएको  ख) नभएको  ग) भएको भए अधार लेख्नु पर्ने ……………………………………………………………………………………………………………

६. प्रस्तावित कार्यक्रमको कार्यान्वयन र व्यवस्थापन समिति गठन सम्बन्धि विवरण

क) भएको  ख) नभएको

७.अन्य कुनै संस्थाबाट प्रस्तावति कृषि मूल्य श्रृङ्खलामा वित्तीय सहयोग प्राप्त गर्नु भएको भए वा नभएको

क) भएको  ख) नभएको

ग) प्राप्त भएको भए सहयोगदिने संस्थाको नाम…………………………………………………………

प्राप्त आ.ब………….सहयोग लिएको रकम रु…………………काम सम्पन्न भएको छ/छैन

८. अनुदान माग गर्ने संस्थाको अनुभव सम्वन्धि विवरण

क.

ख.

ग.

९.संस्थाको भौतिक साधनहरु

१०.संस्थाको वितिय अवस्था रु.

११. कार्यक्रम संचालनको व्यवस्थाः

प्राविधिकपक्ष

उत्पादनयोजना

बजारयोजना

**१२. प्रस्तावित कार्यक्रम संचालन गर्ने स्थानको बाताबरणीय अवस्था**

| क.सं. | बिबरण | पर्छ | पर्दैन | यदि पर्छ भने  के यो उप आयोजना संचालनबाट कुनै प्रकारको नकारात्मक असर पर्न सक्ने सम्भावना छ? |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | बन,जङ्गल/बन्यजन्तु/अन्य प्राकृतिक श्रोतहरु | | | |
| २ | जलासय(नदी,तलाउ,पोखरी) | | | |
| ३ | राष्ट्रिय निकुञ्ज/संरक्षित क्षेत्र | | | |
| ४ | पानीको मुहान | | | |
| ५ | पुरातात्विक क्षेत्र/धार्मिक क्षेत्र/मन्दिर | | | |
| ६ | चिहान | | | |

१३. प्रस्ताबित कार्यक्रमालाई दिगो राख्न के योजना सोच्नु भएको छ ?

क.......................................................................................................................ख....
.......................................................................................................................ग..........
.......................................................................................................................

१४. प्रस्तावित आयोजना संचालनको लागि उपयुक्त भएको वा नभएको राय

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

..........................................

**निर्णयः**

.......................................................................................................................

.......................................................................................................................

.............

**मूल्याङ्कन समिति**

| सि.नं. | नाम | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

## अनुसूची ७

## प्रस्ताव मूल्याङ्कनका आधारहरु

| क.स. | मूल्याङ्कनका आधारहरु | अधिकतम अङ्क | कैफियत |
|---|---|---|---|
| १ | व्यावसायिक योजना | ३० | |
| २ | मूल्यश्रृंखलामा सहभागिको अनुभव | ५ | |
| ३ | प्राविधिक पक्ष | ५ | |
| ४ | आर्थिक पक्ष | २० | |
| ५ | उत्पादन योजना | १० | |
| ६ | बजार योजना | १० | |
| ७ | कार्यक्रमको दिगोपना | १० | |
| ८ | वातावरणिय पक्ष | ५ | |
| ९ | सामाजिक पक्ष | ५ | |
| | जम्मा | १०० | |

## अनुसूची ८

## कृषि अनुदान कोष कार्यक्रम सम्झौता पत्रको नमूना

प्रदेश सरकार, प्रदेश नं. ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आर्थिक बर्ष २०७……।०७…… को स्वीकृत बार्षिक कार्यक्रम अनुसार कृषि अनुदान कोष मार्फत ब्यवसायिक कृषि कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकार, प्रदेश नं ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,(यसपछि प्रथम पक्ष भनिने………..र श्री ……………..,(यसपछि दोस्रो पक्ष भनिने) बिच तपशिल बमोजिमका शर्तहरु परिपालना गर्ने गरी द्विपक्षिय सम्झौता गरिदियौं/लियौं ।

**तपशिलः**

१. प्रथम पक्षले कृषि अनुदान कोष मार्फत ब्यवसायिक कृषि कार्यक्रम सञ्चालन गर्न कार्यक्रमको लागि जम्मा लागत रु……………………….. मध्ये दोश्रो पक्षलाई रु………………. (अक्षरुपी……………..) बराबरको आर्थिक अनुदानप्रदान गर्नेछ।बाँकी रकम दोश्रो पक्ष आफैले लगानी गर्ने छ ।

२. दोश्रो पक्षले प्रस्तावनामा उल्लेख भए अनुसारकोकार्यक्रम सञ्चालनगर्नु पर्नेछ।

३. दोश्रोपक्षले प्रथम पक्षको परामर्श र सहमती अनुसारका कृषि सामाग्रीहरु आफैले खरिद गरी नियमानुसारको बिल, दाखिला प्रतिवेदन, सिफारिस गरेको कार्यालयबाट कार्यसम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि प्रथमपक्ष समक्ष पेश गर्नु पर्ने छ ।

४. प्रथम पक्ष आफैले वा तोकेको कार्यालयको स्थलगत प्राविधिक प्रतिवेदनबाट सिफारिस भएमा प्रगतीका आधारमा अनुदान रकम दोश्रोपक्षको बैङ्कखातामा एकमुष्ठ भुक्तानी दिईनेछ।यो रकम कार्यक्रम सम्पन्न पछि मात्र भुक्तानी हुनेछ ।

५. प्रथम पक्षबाट अनुदान स्वरुप उपलब्ध गराईएको रकमबाट स्थापना गरिएको सामाग्रीहरुको मर्मत सम्भार गर्ने जिम्मा दोश्रो पक्षको हुनेछ । निर्माणको हकमा विस्तृत डिजाईन तथा इष्टिमेट यसै सम्झौतामा समाबेश भए बमोजिम गर्नु पर्नेछ।

६. दोश्रोपक्षले सहकार्यमा संचालित कार्यक्रमहरुको प्रगती विवरण प्रथमपक्ष वा प्रथम पक्षले तोकिएको कार्यतालिका निर्माण गरिने छ र सोही अनुसार तोकिएको निकायमा उपलब्ध गराउनु पर्ने छ।

७. कार्यक्रम सञ्चालित स्थानमा सबैले देख्नेगरी अनिवार्य रुपमा कार्यक्रमको नाम, ठेगाना,लाभान्वितहरुको विवरण, सहकार्यको रकम र सहयोगी निकायको नाम उल्लेखित वोर्ड अनिवार्य राख्नु पर्ने छ।

८. प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ।

९. कार्यक्रम सञ्चालनका दौरानमा कुनै कुरामा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमति अनुसार हुनेछ।

१०. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

११. द्विपक्षिय सम्झौता मुताविकको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम दोश्रो पक्षवाट सरकारी बाकी सरह असुल उपरको लागि प्रकृया अगाडी बढाउन सक्नेछ ।

१२. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविकको कामहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गरी समयमा विल पेश नगरी म्याद गुजारेमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुने छैन ।

| **दोस्रो पक्षको तर्फवाट** | **प्रथम पक्षको तर्फवाट** |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | कार्यालयः |
| सस्थाको छापः | कार्यालयको छापः |

**रोहवर**

| | |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | कार्यालयः |
| कार्यालयको छाप | कार्यालयको छापः |

इति सम्वत साल ...........महिना.........रोज...........शुभम्.....

**नोटः द्विपक्षिय सम्झौतामा आवश्यकता मुताविकका अन्य सान्दर्भिक बुँदाहरु थप गर्न सकिनेछ ।**